# देवकोटाको पागल कविता : शब्दार्थ बोध

कृष्ण प्रधान
गुम्बा रोड, दुर्गानगर कोलोनी, सिलिगुरी, भारत

**लेखसार**

*साहित्यको कविता अन्य विधाहरू भन्दा सूक्ष्म, कलात्मक एवंशैलीशील्पमा विशिष्ट विधा हो । यहीकारण भाषा शिक्षणमा यो विधा प्रथम चयनीय विधा हो । भाषा शिक्षणमा कवितालाई लयात्मक प्रस्तुतीकरण गरी श्रुतिरम्य एवं प्रभावपूर्ण बनाउन सकिन्छ । प्रस्तुत अनुसन्धानात्मक लेखमा लक्ष्मीप्रसाद देवकोटाका पागल कविताको शब्दार्थ बोध वर्णनमा केन्द्रत गरिएको छ । शब्दार्थ बोधका लागि प्राथमिक सामग्री देवकोटाका पागल कवितालाई बनाइएको छ भने शब्दार्थ शिक्षणको सैद्धान्तिक आधार र शब्दार्थ लेखनका लागि पुस्तकालीय विधि उपयोग गरिएको छ । पागल कविताका शब्दहरूका शब्दार्थ शब्दकोशको प्रविष्टि नियमलाई उपयोग गरिएको छ । कविताका सबै शब्दहरूको शब्दार्थ नदिएर कविताको भावबोधमा क्लिष्ट शब्दहरूलाई प्राथमिकता दिइएको छ ।*

*कवि देवकोटा मूलतः भावबोधका दृष्टिले क्लिष्ट कवि हुन् । यसको मूल कारण उनको तीव्र भावउच्छलन र संवेदनाको सूक्ष्म अभिव्यक्ति हो । अर्को कारण देवकोटाको भाव संवेदना व्यक्त गर्ने नेपाली भाषामा विद्यमान शब्दभण्डार पर्याप्त नहुनु पनि हो । उनले कवितामा अरबी, फारसी र ग्रिसेली भाषाका शब्दहरू र संस्कृतका तत्सम शब्दहरूका अधिक प्रयोग पाइन्छ । भाषाशिक्षणमा काव्यबोधका दृष्टिले यस्ता शब्दहरू अर्थगाम्भीर्यताका दृष्टिले जटिल प्रतीत हुन्छन् । यी जटिल अवस्थालाई प्रस्तुत लेखले सहजता प्रदान गर्न सक्षम देखिन्छ ।*

**शब्द कुञ्चिका :** शब्दार्थ शिक्षण, भावबोध, अभिधार्थ, लक्षणार्थ, व्यञ्जनार्थ, भाषा शिक्षण

## पृष्ठभूमि

अर्थका आधारमा शब्द पर्यायवाची, विपरीतार्थी, अनेकार्थी, श्रुतिसमभिन्नार्थी, पारिभाषिक र प्राविधिक छन् । शब्दहरू मूर्त, अमूर्त, सरल, जटिल, अनुकरणात्मक, सङ्क्षिप्त र परिवर्ती पनि हुन्छन् । सामान्यतः भाषा व्यवहारका लागि आधारभूत शब्दको ठूलो भूमिका हुन्छ । भाषाका विशिष्ट प्रयोगका लागि अभिधार्थ मात्र नदिई लक्षणार्थ एवं व्यञ्जनार्थ शब्दको प्रयोग अपेक्षित हुन्छ (शर्मा र पौडेल, २०७४) । स्रष्टाले प्रयोग गरेका शब्दमा अर्थ निहित हुन्छ । भाषिक सम्प्रेषणमा निरर्थक शब्दको प्रयोगले अवरोध सिर्जना गर्दछ । यसर्थ अर्थपूर्ण शब्दको प्रयोग गरी विचार अभिव्यक्ति कलाको विकास गर्न शब्दार्थ शिक्षण महत्त्वपूर्ण मानिन्छ । पाठको श्रुतिबोध, वाचन, उच्चारण र लेखनमा शब्दार्थ शिक्षण महत्त्वपूर्ण रहन्छ । शब्दार्थ शिक्षण भाषाका लाक्षणिक र व्यञ्जनात्मक अर्थबोध सामर्थ्य वृद्धि गर्न उपयोगी मानिन्छ । यसको सौन्दयर्परक, शिष्ट, परिष्कृत, लालित्यपूर्ण एवं भाषाको विशिष्ट कलात्मक प्रयोगका लागि योगदान रहन्छ ।

साहित्यका कविता विधा शिक्षणमा शब्दको लक्षणार्थ, व्यञ्जनार्थ र प्रसङ्गार्थ बोध क्षमता जरुरी हुन्छ । कविताका यी अर्थहरू बोध हुन नसके कविताको भावार्थ बोधमा व्याघात सिर्जना हुन पुग्छ (ओझा र सुवेदी, २०७४) । प्रायः नेपाली भाषाका कविता पठनबोधमा मोहन कोइराला, बालकृष्ण सम, लेखनाथ पौडेल, लक्ष्मीप्रसाद देवकोटा आदि प्रभृत्ति क्लिष्ट अनुभूति हुन्छ । शब्द अनुभूत विषयलाई व्यक्त गर्ने ध्वन्यात्मक आवाज हो (ढकाल, २०६७ : २६८) । एउटै शब्दका पृथक-पृथक सन्दर्भमा अभिप्राय रहन

सक्छन् । काव्य शिक्षणमा शब्दको सन्दर्भगत अर्थ र त्यसको समुचित प्रयोग क्षमता अभिवृद्धितर्फ प्रवृत्त तुल्याउने प्रयास गरिन्छ । पाठका अर्थबोध गरी भाषिक सामर्थ्य वृद्धि गर्न, मानक रूपको प्रयोग गर्न, भाषा प्रयोगमा निखार ल्याउन र शब्दभण्डारको क्षमता विकास गर्ने उद्देश्यले शब्दार्थ शिक्षण गरिन्छ (ओझा र सुवेदी, २०७४) । प्रस्तुत लेख देवकोटाको पागल कविताको वस्तुपरक भावबोधका उद्देश्यले शब्दार्थ शिक्षणमा केन्द्रित गरिएको छ ।

**समस्या**

विद्यार्थीको भाषिक व्यवहारलाई प्रयोजनमुखी र परिष्कारपूर्ण बनाउन शब्दार्थ र अभिप्राय बोध हुन जरुरी हुन्छ । सीमित शब्दभण्डार भएको पाठकले वक्ताको विचार बुझ्न सक्दैन । त्यसैगरी सीमित शब्दभण्डार भएको पाठकले विभिन्न विषयका बोध शक्ति आर्जन गर्न सक्दैन । त्यस्ता पाठकले आफ्नो ज्ञान र अनुभूतिको सार्थक अभिव्यक्ति पनि दिन सक्दैन । यस अवस्थामा शब्दार्थ शिक्षण आवश्यक हुन्छ ।

भाषाका सिकारुका भाषिक पृष्ठभूमि पनि फरक-फरक हुन्छन् । कुनै सिकारु मातृभाषी हुन्छन् भने कुनै विमातृभाषी हुन सक्छन् । मातृभाषी विद्यार्थीको सिकाइको उद्देश्य भाषाका मानक रूपको प्रयोगमा अभ्यस्त बन्नु हुन्छ भने विमातृभाषी सिकारुको सिकाइको उद्देश्य भाषाका आधारभूत ज्ञान आर्जन गर्दै शिष्ट, स्तरीय र मानक रूपको बोध र प्रयोग गर्नु रहेको हुन्छ । यस्तो विषम परिस्थितिमा भाषा शिक्षणको महत्त्व अझ टड्कारो देखिन्छ ।

भाषाका शब्दहरू स्रोतका दृष्टिले तत्सम, तद्भव र आगन्तुक हुन्छन् । यी तिन वर्गका शब्दहरू मध्ये तत्सम शब्दहरू अर्थबोध र प्रयोगका दृष्टिले जटिल प्रतीत हुन्छन् । काव्यमा प्रयुक्त शब्दहरूमा तत्समको अधिकता रहेको हुन्छ । अर्थबोधका दृष्टिले तत्सम शब्दहरूका लाक्षणिक र व्यञ्जनात्मक तहमा पुग्नु पर्ने भए झन् जटिल बन्न सक्दछ । साहित्य रचना शिक्षणमा शब्दका यी अर्थगत मर्म खुट्याउन जटिल प्रतीत हुन्छ ।

देवकोटाका तत्सम शब्दको प्रयोग प्राचुर्यताले कविताका मूल पाठकै मर्म बोधमा स्वतः अवरोध सिर्जना भएको हुन्छ । साहित्यको रसास्वदनमा भर्खर प्रवेश गरेका विद्यार्थीहरूमा यी दक्षता विकास भइसकेको हुँदैन । देवकोटाको ‘पागल’ कविता भावबोधका सन्दर्भमा सामान्य बौद्धिकता एवं सामान्य शब्दार्थ ज्ञान समस्याका रूपमा रहन्छ । देवकोटाले संस्कृतबाट प्रशस्त शब्दहरू लिएका छन् (पृ. ११७) । उनले संस्कृत शब्दको पुनर्निर्माण नै गरेका छन् (खनाल, २०५६) । यसकारण देवकोटाका तत्सम शब्दको प्रयोग, देवकोटीय तत्भव शब्द र कविताले व्यक्त गर्ने व्यङ्ग्यार्थ त्यत्तिकै समस्याका रूपमा रहेको पाइन्छ ।

देवकोटाका केही कविता बाहेक अन्य कविताहरू सहज रूपमा बोध गर्न सकिएको छैन । कागलाई बेल पाक्यो हर्ष न बिस्मात भने झै देवकोटाको पागल कवितामा प्रयोग भएको शब्दको अर्थ दुरूह प्रतीत हुन्छ । विश्वविद्यालय प्राध्यापकहरूले विद्यार्थीहरूलाई पागल कविता छर्लङ्ग पार्न सकेका छन् त ? यस प्रश्नले सबैलाई सधैँ कोपरी रहन्छ । यसकारण यस लेखको समस्यालाई यसरी प्रस्तुत गरिन्छ :

देवकोटाको पागल कवितामा प्रयुक्त शब्दहरूका अर्थ के कस्ता रहेका छन् ?

**उद्देश्य**

देवकोटाका पागल कविताको अनुसन्धानात्मक लेखको उद्देश्य निम्न रहेको छ :

१) पागल कवितामा प्रयुक्त शब्दहरूका शब्दार्थ निर्धारण गर्न ।

## औचित्य

प्रस्तुत लेखबाट लक्ष्मीप्रसाद देवकोटाका पागल कविताका शब्दहरूका अभिधार्थ, लक्षणार्थ र व्याञ्जनार्थको समुचित अभिलेखनले गृहीत कविताको भावबोधमा विद्यार्थीहरूलाई सहजता प्राप्त हुनेछ । विश्वविद्यालयका प्रारम्भिक चरणका प्राध्यापकहरू र देवकोटाका कविताका पाठकहरूलाई पनि कविता व्याख्या, विश्लेषण र वर्णनमा सरलता हुनेछ ।

## विधि

पागल कविताको शब्दार्थ शिक्षणलाई विद्यार्थीहरूका कविता बोध सामर्थ्य र शब्दभण्डार विकास गर्ने उद्देश्यमा केन्द्रित गरिएको छ । देवकोटाको पागल (बन्धु, २०३३) कविता प्राथमिक स्रोत हो । देवकोटाका पागल कविता सम्बद्ध समालोचना र व्याख्या विश्लेषण गरिएका विविध सामग्रीहरूका साथै नेपाली बृहत् शब्दकोश द्वितीय सामग्रीहरूका रूपमा रहेका छन् । यो लेख पूर्णतः पुस्तकालीय अध्ययनमा केन्द्रित रहेको छ । कविताका सामग्रीहरूलाई वर्णनात्मक विधिका आधारमा प्रस्तुत गरिएको छ ।

## सैद्धान्तिक आधार

कोश अर्थविधानका दृष्टिले सम्बन्धित शब्दको विभिन्न अर्थ, अर्थक्रम, अभीष्ट अर्थ, परिभाषीकरण, पर्याय, विपर्याय र समुचित प्रयोग पहिल्याउन उपयुक्त हुन्छ । कोशको उपयोग शिक्षण क्षेत्रमा प्रत्यक्षतः हुन्छ । भाषा चाहे मातृभाषा होस् या विमातृभाषाको शिक्षणमा होस् यसको योगदान विशिष्ट रहन्छ । शब्दकोशको प्रविष्टिका स्रोत मुख्यतः साहित्य रहेको हुन्छ । शब्दार्थ ज्ञानका लिग ऐतिहासिक, वर्णनात्मक, शैक्षणिक कोशको भूमिका रहेको हुन्छ । यी कोशहरूले सबै प्रधारका शब्दहरूका अर्थबोधमा सहयोग पुर्याउछ । वर्णनात्मक कोशको सामग्री सङ्कलनको आधारभूत स्रोत सम्बन्धित भाषाका लिखित र अलिखित साहित्य नै हुन्छ (लम्साल, २०५७ : ६) । यसका अतिरिक्त यसमा गौण अर्थ, अर्थक्रम पनि साहित्यमा नै निर्भर रहन्छ । पाठको शब्दको अर्थबोध गरी भाषिक सामर्थ्य वृद्धि गर्न, भाषाको शुद्ध, शिष्ट र मानक रूपको प्रयोग गर्न, भाषिक प्रयोगमा निखार ल्याउन र शब्दभण्डारको क्षमता वृद्धि गर्ने उद्देश्यले शब्दार्थ शिक्षण गरिन्छ (ओझा र सुवेदी, २०७४ : १०६) । शब्दको सन्दर्भगत अर्थ र त्यसको समुचित प्रयोगमा विद्यार्थीलाई परिचित र प्रवृत्त तुल्याउने प्रयास नै शब्दार्थ शिक्षण हो (ढकाल, २०७६ : २६८) । शाब्दिक एकाइको अभिधात्मक, लाक्षणिक एवं व्यञ्जनात्मक अर्थ हुन्छ । विद्यार्थीहरूमा साहित्यिक सिर्जनाको आस्वादन गर्ने पृष्ठभूमि तयार गराउन शब्दार्थ शिक्षण एउटा धारिलो औजार हुन सक्छ । यस लेखमा देवकोटाको पागल कवितामा प्रयुक्त शब्दहरूलाई भाषा शिक्षणका प्रयोजनले चर्चा गरिएको छ ।

## सीमा

कवितामा प्रयुक्त शब्दका अर्थ नेपाली बृहत्त शब्दकोशलाई आधार मानेर दिइए पनि शब्दार्थ कविताको मर्मबोधलाई केन्द्र मानेर लेखिएका छन् । प्रस्तुत लेख प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित मानक कोश नेपाली वृहत्त शब्दकोशमा प्रविष्टि पाएका शब्दार्थमा आधारित भएर पागल कविताको अर्थ निरूपण गरिएका छन् । भाषाको स्तरीय शब्दहरूलाई समावेश गरी निर्माण गरिएको कोशलाई मानक कोश भनिन्छ । यसले समसामयिक प्रयोग पक्षलाई समेट्दछ (राई, २०६७) । मानक कोशमा समाजका सामाजिक, सांस्कृतिक एवं मूल्य मान्यता, धार्मिक विश्वास र लोक व्यवहार जस्ता विषयका भाषिक एकाइहरू समावेश गरिएका हुन्छन् ।

## कविता लेखनको सन्दर्भ

लक्ष्मीप्रसाद देवकोटा (विसं. १९६६ – २०१६) नेपाली साहित्यका स्वच्छन्दतावादी प्रगतिवादी धाराका कवि हुन् । उनको कवितामा प्रकृतिको वर्णन, सामाजिक क्रान्ति र विद्रोहको स्वर प्रकट भएको पाइन्छ । उनको कवितामा नेवारी र तामाङ समुदायका जीवन्त लोकलयले मुखरित हुने अवसर पाएका छन् । देवकोटाका काव्य प्रवृत्ति भावुकता, संवेदनशीलता, कल्पनाशीलता, आत्मपरक वैयक्तिक अभिव्यञ्जना र भाव प्रबलता हुन् । उनको कवितामा क्रान्तिकारी विद्रोही चेत सशक्त रूपमा पाइन्छ । यो विद्रोही चेत पागल कवितामा व्यक्तिएको पाइन्छ । यसमा देवकोटाले आफूलाई पागल भन्ने आफन्त, सहपाठी र राजनीतिज्ञहरूलाई व्यङ्ग्य प्रहार गरी मानसिक एवं बौद्धिक विद्रोह गरेका छन् ।

देवकोटाको जीवनमा आन्तरिक र बाह्य द्वन्द्व रहेको पाइन्छ । उनको आन्तरिक द्वन्द्व पारिवारिक घटनाक्रम हुन् भने बाह्य द्वन्द्व नेपाल र छिमेकी राष्ट्रहरूका राजनीतिक घटनाक्रम हुन् । विसं. १९९६ मा देवकोटा मानसिक रूपमा अस्वस्थ भएको देखिन्छ । यस समयमा अन्तर्राष्ट्रिय स्तरमा दोस्रो विश्व युद्ध, छिमेकी राष्ट्रहरूमा मुसलमान-हिन्दू जेहाद (धर्मयुद्ध) र हलाल (छाला कढाइ) का आतङ्क र राष्ट्रिय राजनीतिमा सहिद काण्ड घटेको परिवेश छ (अवस्थी, २०६१) । आमाबाबु र सन्तानको मृत्यु, दाजुभाइबिच अंशबण्डाको आर्थिक तनावका साथै अङ्ग्रेजीमा एमएको अधुरो अध्ययनका कारण भावुक र संवेदनशील देवकोटामा विक्षिप्तताको आभास देखिन्थ्यो । उनलाई उपचारका लागि राँची लगियो । त्यहाँ उनको उपचार डा. वर्कले ह्विलबाट गराइयो । त्यस समयमा देवकोटाले आफू विक्षिप्त नबनेको र आफ्नो रोग आर्थिक रहेको बताएका थिए (बन्धु, २०४६) । यही समयमा उनले पागल कविता लेखेका हुन् । देवकोटा नेपालीका पन्त-प्रसाद-निराला तिनै हुन् (साङ्कृत्यायन, २०५९) । निरालालाई राँची लैजाने कुरा कैयौँ पल्ट चल्यो तर लगिएन । देवकोटालाई उपचारका लागि राँची लैजाँदा उनले नाइँनास्ति गरेनन् । उनी राँचीको मानसिक अस्पतालमा उपचार गरेर आए । तर उनी पागल चाहिँ होइनन् । असाधारण प्रतिभाले कहिले कही पागलपनको सीमारेखालाई मिचिदिन्छन् । यही कुरा देवकोटामा लागू भयो (पृ. २६३) ।

समले भने देवकोटा तीनचोटि जन्मे : मुनामदनसित, शाकुन्तलसित अनि पागलसित, तर एकचोटि पनि मरेनन् । उनी नेपाली साहित्यसित सदैव जीवित रहनेछन् (उद्धृत : जोशी, २०४७ : ६९) । कवितामा सर्वोत्तम कृत्ति पागल हो (यात्री, २०५९ : ९७) । पागल कविता वस्तुतः पागलपनको आरोपबाट उदीप्त उच्चस्तरको सशक्त गद्य कविता हो । खास गरेर मातापिताको देहावसान, आर्थिक सङ्कट, एमए अङ्ग्रेजी अध्ययनको धपेडी आदि वस्तुस्थितिले देवकोटाको मानसिकता खलबलिएको बेला उनका परिवारले उनलाई उपचारका लागि राँची अस्पताल पुर्याएपछि उनलाई इष्टमित्र, साहित्यिक साथीहरू र राजनीतिज्ञहरू सबैले पागल भनेर तिरस्कार गरे । उनले यस्तो अपमान धेरै सहेका थिए । त्यस अवस्थामा उनलाई विश्वास गरिन्न, अनेक राजनीतिक चाल चालिए । उनीलाई त्यस अवस्थामा दुरूपयोग गरियो । उनलाई स्वार्थअनुसार बोल्न लगाइयो, लेख्न लगाइयो तर कुनै लाभको अवसर आउँदा पागल भनेर पन्छाइयो (पृ. ३७१) । त्यस समयमा उनी शारीरिक र मानसिक कष्टको तापमा परेका थिए । उनी जर्जर आर्थिक अवस्थामा थिए । पागलमा यिनै विषम परिस्थितिको विद्रोही देवकोटा अभिव्यक्तिएको पाइन्छ । यसै सन्दर्भलाई देवकोटाले ती आफन्तहरूलाई व्यङ्ग्यात्मक शैलीमा पागल हो म पागल होइन, म तेस्रो नेत्रको सुन्दर उपभोग गर्ने दूरदृष्टि भएको व्यक्ति हुँ भनेका छन् ।

पागल सङ्गीतमय नवीन पदावलीयुक्त प्रवाहपूर्ण ओजस्वी भाषाशैलीमा लेखिएको व्यङ्ग्यात्मक कविता हो । यसमा वाक्चातुर्यताका साथै बिम्ब र प्रतीकको समुचित प्रयोग र वैचारिक मनोरमता पाइने भएकाले क्लिष्ट बनेको छ ।

**पागल कविताको शब्दार्थ**

अगति- [सं., स्त्री.] अज्ञान अवस्था, अबोध अवस्था, अनजान स्थिति; नराम्रो दशा, दुर्दशा, नरक, दुःखस्थिति । [वि.] गतिहीन ।

अमानव- [सं] वि. मान्छेको मन नभएको, मान्छेको अनुहार मात्र भएको, पशु र मान्छेमा फरक नभएको, मान्छेको अनुहार पशुको स्वभाव भएको, पशु राक्षस ।

अमृत- [सं] वि. नमर्ने, मृत नहुने, अविनाशी, नमरेको ।

अवनति- [सं., पुं.] ढल्काइ, लत्राइ, निहुरिने पना वा काम, नम्रता, विनय, नमस्कार, ढोगाइ, पतन, कमी, न्यूनता, अधोगति, हीनदशा, दुर्दशा, आपत्ति ।

अस्तित्व- [सं. नपुं.] सत्ता, सत्व, विद्यमानता, उपस्थिति, छ भन्ने पना ।

आत्मा- [सं. आत्मन्, ना.] शरीरलाई जीवित राखी क्रियाशील तुल्याउनेअतीन्द्रिय अभौतिक शक्ति, अन्तस्करणसम्बन्धित क्रियाको बोधकसत्ता, जीव, जीवात्मा, चैतन्यमय खास तन्त्र, चित्त, हृदगत समस्त शक्तितत्त्व, अन्तस्करण अन्तरात्मा, जुनसुकै चीजको चुरो, केन्द्रित सार, मन, बुद्धि, ब्रह्म, सूर्य, अग्नि, वायु, धर्म, विवेकमय चिन्तन, पुत्र, छोरो ।

आसमान- [फा, पुं] आकाश, गगन, देवलोक,स्वर्ग; वैकुण्ठ ।

उदगार- [सं.] कण्ठगर्जन, मनोभाव प्रकाट गर्नु ।

उन्नति- [सं.] उन्नत हुनाको अवस्था वा भाव वा क्रिया, बढ़ीबढ़ाउ, अभिवृद्धि, समृद्धि, कुनै क्षेत्रीय उद्योग, उद्यम; व्यवसाय, उदय, गरुड़की स्त्री ।

उल्टो- [उल्ट+ओ, वि.] सामान्यतया मिल्नु पर्ने कुरा नमिल्ने, विरोधी वा नमिल्दो बानीबेहोराको, अधबेस्रो, अर्धङ्गी ।

ऐंचाताना- [ऐंच+तान्+आ, क्रि.] खिंचातानी, तानातान ।

कोकिल- [सं., पु.] कोइलीचरी, कुहु, कोइली ।

कोमलाकार- [कोमल+आकार, सं. वि.] देख्दा, सुन्दा वा छुँदा प्यारो लाग्ने र सुखद संवेदन हुने खालको, मुलायम भएको, सुकुमार रहेको ।

क्रूर- [सं] वि. मन ज्यादै कड़ा भएको, निष्ठूर, डरलाग्दो स्वभावको, नृशंस; परद्रोही, दुष्ट, रिसाहा, झोंकी, दयामायाको भावै नराख्ने ।

खून- [फा., पु.] रगत, रक्त, काटमार ।

गद्य- [सं.] पद्यको जस्त छन्द-लय-गण-मात्रा-वर्ण-उच्चारण आदिको गणना गर्ने नियमसँग कुनै सम्बन्ध नरहने साहित्यिक रचनाभेद, अनौपचारिक र निबन्धनमय साहित्य-रचना-भेद, सामान्य वार्तालापका वा वर्णनमा क्रम मिलाई लेखिएको रचना ।

गर्गन- [ग्री.] भयङ्कर, डरलाग्दो । गर्गन किचकन्नी / किचकन्ने, [सं. कीचक कन्या]- तरूणी- स्त्रीका रूपमा दोबाटो-चौबाटो-एकान्तथलो आदिमा पर्ने प्रेतयोनी वा प्रेतात्मा ; खुट्टाको पौंजा पछिल्तिर फर्किएको पैंताला नचाली युवकसँगै हिंड्ने प्रेतसुन्दरी, अगति परेर मरेकी भोगकुण्ठिता स्त्रीको प्रेतात्मा ।

गर्जन- [सं.] ठूलो स्वरले कराउँदाको ध्वनि, गर्जाइ, हप्की, खप्की, मेघ वा सिंह आदिको गर्जना, हुङ्कार, गड्याङ्गुडुङ ।

गिदी- ना. [सं., गोछ] प्राणीको खप्परमा हुने-सुखदुःख-राम्रोनराम्रो कुराको ज्ञान दिने- लयालु पदार्थ, मथिङ्गल,

मस्तिष्क, मगज ।

गोल- ना. [प्रा.] अँगार ।

चकोर- ना.[सं.] तित्राजस्तो बुट्टे, रातो टुँड़े, गाजले आँखा हुने र आगाको फिलिङ्गो खान सक्ने, त्यस्तै चन्द्रमा देख्दा मग्नमस्त बनेर नाचगान गरिरहने पहाड़ी चरो, च्याखुरा ।

चन्द्रहात- वि. [सं.] वेसूर, विक्षिप्त, पागलपन ।

चाँदनी- ना. [चाँद्+नी] चन्द्रमाको कान्ति, जून, चन्द्रज्योति, चन्द्रकिरण, चँदुवा ।

चिड़िया- ना. [प्रा.चिड़िया] चरो, पन्छी, चरी, पक्षी ।

छटाएको- क्रिवि. [छट+आ+ए+को] पागलपना, सिल्लीपना ।

छाल ना. [सं., क्षाल] नदी-सागर-तलाउ आदिको लहर. तरङ्गलहरी, ज्वार, रूख बिरूवाको बोक्रो ।

छैटौं इन्द्रिय – मानिसको शरीरमा रहने ब्रम्हारन्ध जुन सुषुप्त अवस्थामा रहन्छ । यो जागृत हुँदा मस्तिष्कको कार्य दक्षता तीव्र बन्दछ, अवचेतन ।

जल-चिप्ला [कविताको अर्थमा] नदी किनारमा छ्वाल्लै-छ्वाल्लै उर्लिने छालले भेटेर चिप्ला भएका ढुङ्गाहरू ।

जहर- ना. [फा. जह्र] हलाहल, कालकुट, गरल, विष ।

जाली- वि. [जाल+ई] कपट-भूठो र जालसाज गर्ने नक्कली, जालन्धरी ।

झल्किएर- क्रिवि. [झल्क+इ+एर ] देखिएर, तहरिएर, टहटह, टल्केर, चम्केर ।

टोल्हाएको- क्रिवि [टोल्हा+ए+को] एकोहोरिएको वा वाल्ल परेर हेरेको हेऱ्यै हुनु, बिलखवन्द परेको, जिल्ल परेको ।

तपस्वी- वि. [सं.] तपस्या गर्ने, तापस, तपसी; विचरो, बबुरो; कष्टभागी; अत्यन्त मिहिनेत गरिरहने । [ना.] नारदमुनि; योगी; सन्यासी ।

तरङ्गी- वि. [सं.] तरङ्गअनुसार चल्ने, छटाँहा, मनमोजी; छाल भएको; आफ्नो विचारअनुसार जता पनि लाग्ने, छिनछिनमा विचार र निर्णय फेरिरहने खालको।

तुषारा- ना.[सं. तुसार+आ] तुसारो, शीत; शीतविन्दु; ठण्डी ।

तूफान- ना. [सं.] समुद्री हुरीआँधी, आँधीबेह्री, पानीबतास, गञ्जागोल, ठूलो गड़बड़ी; उत्पात, उपद्रव ।

दधीचि- ना. [सं.] वज्र-निर्माणार्थ देवताहरूलाई आफ्नो जीउको हाड़ दिएर योगमृत्यु लिने प्रसिद्ध वैदिक महर्षि ।

दीवाना- [फा.] पगला, बहुला, सिल्ली; अर्द्धविक्षिप्त, प्रेमिकाप्रति मरिहत्ते गर्ने प्रेमी; लग्गू।

धर्म-ना. [सं.] व्यक्ति वा वस्तुको मूल वृत्ति, प्रवृत्ति, प्रकृति, स्वभाव; नियत, नीति; स्वाभाविक गुण, सहज वृत्ति; श्रेय; नियमित र निर्धारित काम वा व्यवहार; पुण्यकर्म; लोकहितका लागि स्वीकारिने कर्त्तव्य, सदाचार; सत्कर्म;

नर्मिएर- क्रिवि. [नर्म+इ+एर] नरम वा लुलो भएर ।

नवाब-ना. [अ., नव्वाब] मुगलकालीन इतिहासअनुसार कुनै प्रवेशमा बादशाहबाट नियुक्त भएको शासक प्रतिनिधि । [वि.] ठूलोबड़ो; ठाँटबाँट साथ बस्ने, खूब रवाफ गर्ने; नवाफ ।

नशा-ना. [नसो+आ] शिरा, नसो, नाड़ी, रेशा, नसा । नशा ढीलो कविको भावनासित पौंठाजोरी खेल्ने कविको निजी अन्तःस्करणको बाई पङ्खी घोड़ा हो जो लगामहीन भैं बेफिक्री चञ्चल भएर दुगुर्छ ।

निन्दा- ना. [सं.] खोट वा दोष बताउने काम; कुरो काट्ने काम; घृणा, बदनामी, अपवाद ।

निमुखा- वि. [निमुख+आ] निर्धो, निर्बल, शक्ति, वा साधन नभएको; अनाथ, अकिंचन, सीधासाधा, निमुखो ।

निर्लज्ज- वि. [सं] लाजसम्म नभएको, पकच्चुरो, सरमछाड़ा ।

निशास-ना. [सं.] श्वाश न बास ।

नीरस- वि. [सं] रसहीन, सुक्खा; रसिलोपना नभएको, शुष्क; बिरसिलो; बेस्वादिलो, भाव-भाषामा मीठो रमाइलोपन नघुसेको ।

पत्रिएर- क्रिवि. [पत्र+इ+एर] पत्र-पत्र परेर, उप्किएर ।

पद्मिनी- [ना.] सिंहल राज्य श्रीलङ्काकी सुन्दरी पद्मिनी, चित्तौड़का राजा रत्नसिंहकी रानी । तत्कालीन दिल्लीका सुल्तान अलाउद्दिन खिलजीले उनको रूपको कुरा सुनेर तिनलाई हात पार्ने उद्देश्यमा चितौर आक्रमण गरे ।

पद्य- [सं.] छन्दमय साहित्यिक रचना, शास्त्रीय कविता, गेयात्मक प्रवाहमा रचिने कविता ।

पाँच इन्द्रिय - ना. स्पर्श, रस, घ्राण, आँखा, कान तथा छाला (नेत्र, नाक, जिब्रो, कान र त्वचा) ।

पागल- वि. [सं.] बहूलाहा, उन्मत्त; विक्षिप्त, मगज सड़किएको, छँटाहा, अर्द्धसिल्ली, सन्की, हावा खुस्किएको ।

पान्ढिकी- [पानढिकी, पानी+ढिकी, ना.] पानीको वेगद्वारा चलाइने ढिकी, त्यस्ता यन्त्रले टक मारेको मोहर/ डबल (एक रुपैयाँको नेपाली मुद्रा) ।

पाप- [सं.] खराब काम, अशुभ कार्य, अधर्म, दुष्कर्म, कुकर्म, दुष्टता, पातक; कुकर्मको फल, कुफल; कसुर, अपराध; दोष, कसर; खराब नियत, कुनीति; झोज, झञ्झट; हिंसा, चोट; अर्कालाई पारिने हानी; चरित्रपतन वा नैतिकपतन हुने कामकाज ।

पाषाण- [सं.] पत्थर, शिल, चट्टान, ढुङ्गो ।

प्रकोप- ना. [सं.] शरीरमा पैदा हुने विकार; प्राकृतिक विकार; रिसको जोश, चर्को रिस ।

प्रगति-ना. [सं.] अघिल्तिर बढ्ने काम वा क्रिया, प्रक्रिया, उन्नति, उत्थान; विकास ।

प्रलय- ना.[सं.] मृत्यु, मरण; संहार, सर्वनाश, क्षय ।

फोर- वि. फोहोर, फोहर ।

बड़वानल- ना. [सं.] बड़वाग्नि, समुद्रभित्रको आगो ।

बल्किएर- क्रिवि. [बल्क+इ+एर] टल्केर ।

बाफ-ना. [सं. वाष्प,] पानी तातेर धूँवाको रूपमा मास्तिर उठेको सूक्ष्म जलकणको समूह; शरीरबाट निस्केको तातोपन ।

बुज्रुग- वि. [फा.] जानिफकार; बुज्रुक, जानेसुनेको, जान्नसुन्ने, पाको, अनुभवी; जेठो, बूढ़ो ।

बुद्ध-ना. [सं.] नेपालको तराई लुम्बिनीमा शाक्य सम्राट शुद्धोधन र मायादेवीबाट जन्मेका-बौद्धधर्मका प्रवर्तक, विश्वप्रसिद्ध महापुरुष।

भनाउँदा- वि. [भन्+आउँदा] नाममात्रको, तथाकथित; भन्नमात्र पर्ने, भनिटोपलिने ।

भयंकर- वि. [सं] घोर, भयानक, भयकारी, भयावह, डरलाग्दो; भयङ्कर ।

भष्मेश्वर-ना. [सं.] हिन्दूधर्मको किंवदन्तीअनुसार भष्मेश्वर नामक राक्षस पार्वती पाउनका लागि हजारौं वर्ष भगवान् विष्णुको तपस्या गर्छ । त्यसपछि वरदान दिने क्रममा भष्मेश्वरले शिवजीलाई मार्न पाउनुपर्ने

वरदान माग्छ । सोही वरदानअनुसार शिव र पार्वतीलाई खेद्दै जाने क्रममा हलेसी (पूर्व नेपालको खोटाङ जिल्लामा हलेसी-गुफा अवस्थित छ) पुगेपछि शिवपार्वती गुफाभित्र पस्छन् । भष्मेश्वर पनि त्यहीँ पुग्छ । त्यहाँ विष्णुले जाल रची भष्मेश्वरलाई नै भष्म बनाइदिएपछि शिवपार्वती त्यहीं विराजमान भएका किंवदन्ती रहेको छ ।

भाषा-ना. [सं.] आफ्नो मनको भाव अरूले बुझ्न सक्ने गरी प्रकट गर्ने शब्द, वाणी ।

भीमसेन- ना. [सं.] महाभारतमा वर्णीत पाँच पाण्डवहरू मध्ये माहिलो, भीम, वृकेश्वर । पवनदेवको वरदानस्वरूप कुन्तीबाट जन्मेका पुत्र । दूर्योधनको वधकर्ता ।

भूत-वि. [सं.] पृथ्वी आदि पाँच महाभूत; प्रेमतत्त्व; बितिसकेको, अतीत काल; बितेको, गुज्रेको, गत; विगत; प्राप्त भएको, जन्मेको, उत्पन्न; समान, तुल्य ।

मञ्च-ना. [सं.] प्रायः धेरै जनाले देख्न मिल्ने गरी उच्च ठाउँमा तैयार गरिएको आसन वा फलैंचा आदि मण्डप. रङ्गमञ्च, रङ्‌भूमि ।

मदिरा-ना. [सं.] सुरा, मद्य, शराब ।

महात्मा-वि. [सं.] विचार-बुद्धि-विवेक-स्वभाव र व्यवहार साह्रै उत्तम भएको सर्वोत्कृष्ट, अति उदार मन भएको । [ना.] महान् आत्मावाला व्यक्ति, महापुरूष ।

महापण्डित-ना. [सं.] ठूलो विद्वान, प्राज्ञ ।

मानव- ना. [सं.] मनुका खलक, मानुष, मनुष्य । [वि.] मनुसँग सम्बन्धित, मनुसम्बन्धी ।

मिथ्या- [अव्य.] असत्य, असाँचो, झूट, झुट्टो ।

मूक-वि. [सं.] उमेर पुगेर पनि बोली नफुटेको, लाटो, मौकामा बोल्न नसक्ने निमुखा ।

रसना- ना. [सं.] जिब्रो; कन्नी; रशना; तरल पदार्थ बहेर मुखभित्रबाट बाहिर निस्किनु ।

राँची [ना. उ] भारतको झारखण्ड प्रदेशको राजधानी । सन् १७ मे, १९१८ मा वेलायतले पहिलो विश्व युद्धका मनोरोगीहरूका लागि बनाएको मानसिक अस्पताल (केन्द्रीय मनश्चिकित्सा संस्थान, रांची) । यसको प्रथम मेडिकल सुप्रिन्टेन्डेन्ट कनर्ल ओवेन एआर बर्कले-हिल थिए ।

राप-ना. [सं. रवि+ताप] आगो-घाम आदिको तातोपना, ताप, आँच । राप तापेर भर्खर भर्खर टिम्टिमाउँदै गरेको ताराहरूको रमिता हेरेर ।

लप्का- ना. [सं. लपन] आगाको भरभराउँदो ज्वाला, राँको, मुस्लो, लपट, लप्को ।

लम्पसार-ना. [लम्बा+पसार] हातखुट्टा पसारेर सुतिरहने काम या ढङ्ग । [वि.] त्यसरी सुतेको । [क्रि. वि.] लमतन्न ।

ललकार्छ- क्रि. [ललकार+छ] लड़ाइँ-घम्साघम्सी आदिका लागि आह्वान गर्छ, हाँक लाउँछ ।

लोक-ना. [सं.] समान संस्कृति भएको मानिसको समुदाय, समाज; जनता, दुनियाँ; संसार. जगत।

वाचाल-वि. [सं.] वाकपटु; वाक् चतुर; बढ्ता बोल्ने, बकबके ।

वासना-ना. [सं.] आफै थाहै नपाई मनमा घुसिरहेको आशा वा तिर्खा, एक प्रकारको ज्ञान; सांसारिक सुखभोग; कामना, चाहना; अनौठो ढङ्गले हुने अनुभव, भावना ; मिथ्याविचार ।

विकृत- वि. [सं] विकास वा बिगार घुस्नेको, बिग्रेको; फेरिएको; रूप बिग्रेको, कुरूप; बेढङ्गको, अस्वाभाविक; बहुलाएको ।

विवेक-वीर- वि. [सं] असल वा खराब हो भनी छुट्याउन सक्ने बुद्धि,विचार,क्षमता, ज्ञान हुने ।

वेग-ना. [सं.] मन-बुद्धि आदिको आवेग, जोश ।

व्यक्तित्वपाल- वि. [सं.] व्यक्तित्वका धनी, व्यक्तित्वशाली, व्यक्तिमा हुने निजी विशेषता ।

शुद्ध-वि.[सं.] चोखो, पवित्र; निर्मल; निष्कपट, निश्छल, त्रुटिरहित ।

सङ्लनु- क्रि. [सङ्ल+नु] सफा हुनु, छ्याङै हुनु ।

सन्के- वि. [सन्क+ए] सन्कने बानीको, सन्काहा, रिसाहा सन्की ।

सर्पकेश- ना. [सं. सर्प+केश] साँपजस्तो केश ।

सातौं आसमान- [सं.] कुरानमा वर्णन भएको सात आकाशहरूमध्ये सेतो मोती रङको आकाश ।

साल-ना. [फा.] वर्ष, बर्ख, बाह्र महिनाको समूह, सम्वत् ।

सिकन्दर-ना. [अङ्] मेसिडोनियाका ग्रीक प्रशासक, अलेक्जेण्डर, विश्वविजेता । इरान, मिस्र, मेसोपोटोमिया, फिनिशिया, जुदेआ, गाभा, बक्ट्रिया र भारतमा पञ्जाबसम्म विजय हासिल गरेका तर मगधको पुष्यमित्रसुङसँग पराजित ।

स्वर्ग-ना. [सं.] सुरलोक, देवलोक, उत्कृष्ट प्रकारको सुख, पूर्ण सुख, चैन, कुनै किसिमको दुःख-अशान्ति-अभाव आदिले असर पार्न नसक्ने ठाउँ, सुखधाम ।

स्वर्गाग्नि-चोर- ना.[सं.] स्वर्गबाट आगो चोर्ने ।

स्वाद-ना. [सं.] जिब्रामा छुवाउँदा रसेन्द्रियले गर्ने अनुभव; अमिलो, पिरो आदि रसको प्रतिक्रिया ।

हेलेन-ना. [अङ्ग] स्पार्टाकी सुन्दरी रानी, ट्रयका राजकुमारको अपहरणमा परेकी । यो अपमानको बदला लिन ग्रीकका राजाहरू र वीरहरू मिली ट्रयमाथि आक्रमण गरे । ट्रयबाट फर्किंदा उनीहरूको जहाज आँधीबेह्रीमा फसेको।

## निष्कर्ष

लक्ष्मीप्रसाद देवकोटा नेपाली भाषाको काव्य लेखनका उत्कृष्ट प्रतिभा हुन् । उनको कवितामा भावुकता, संवेदनशीलता, कल्पनाशीलता भाव प्रवलता पाइन्छ । देवकोटा विराट कल्पनाशक्ति भएको कवि हुन् त्यसैले उनको कवितामा अरबी, ग्रिसेली, फारसी र संस्कृतका तत्सम शब्दहरूका प्राचुर्यता रहेको छ । भाषाशिक्षणका दृष्टिले यस्ता शब्दहरू अर्थगाम्भीर्यका दृष्टिले विशिष्ट हुन्छन् । काव्यको केन्द्रीय भावबोधका दृष्टिले यिनै शब्दहरूको अभिधार्थ, लक्षणार्थ, व्यञ्जनार्थका साथै प्रसङ्गार्थ बोध महत्त्वपूर्ण हुन्छ । प्रस्तुत लेख देवकोटाको पागल कविताको भावबोध दृष्टिले उपयुक्त रहेको छ ।

## सन्दर्भसूची

Feldman, T. (1965). *Gorgo and the origins of Fear.* Arion. 4(3), 484-94.

अवस्थी, महादेव. (२०६१). *लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता.* काठमाडौं : एकता बुक्स ।

ओझा, रामनाथ, सुवेदी, अर्जुनप्रसाद. (२०७४). *नेपाली भाषा शिक्षण.* काठमाडौं : करूधरा पब्लिकेसन प्रा. लि. ।

खनाल, रेवतीरमण. (२०५६). *महाकवि देवकोटाको काव्य शैली.* सम्पा. घिमिरे. महाकवि लक्ष्मीप्रसाद देवकोटा. काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

घिमिरे, भवानी. (२०५६). *पागल.* महाकवि लक्ष्मीप्रसाद देवकोटा. काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, शान्तिप्रसाद. (२०६७/२०६८). *नेपाली भाषाशिक्षण : परिचय र प्रयोग.* काठमाडौं : शुभकामना प्रकाशन ।

देवकोटा, लक्ष्मीप्रसाद. (२०४७). *लक्ष्मी कविता सङ्ग्रह.* ललितपुर : साझा प्रकाशन ।

बन्धु, चूडामणि. (२०४६). *देवकोटा.* ललितपुर : साझा प्रकाशन ।

बन्धु, चूड़ामणि. सम्पा. (२०३३). लक्ष्मी कविता सङ्ग्रह. काठमाण्डौः साझा प्रकाशन ।

यात्री, वासुरिसाल. (२०५६). *के देवकोटा महान् कवि हैनन् ?.* सम्पा. घिमिरे. महाकवि लक्ष्मीप्रसाद देवकोटा. काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

राई, कैलाशकुमार. (२०६७). *सामान्य र प्रायोगिक भाषा विज्ञान.* काठमाडौं : नालान्दा प्रकाशन प्रा.लि. ।

लम्साल, रामचन्द्र. (२०५७). *कोशविज्ञान र नेपाली कोश.* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद, पौडेल माधवप्रसाद. (२०७४). *नेपाली भाषा शिक्षणका सन्दर्भ.* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

साङ्कृत्यायन, राहुल. (२०५६). *नेपाली महाकवि देवकोटा.* सम्पा. घिमिरे. महाकवि लक्ष्मीप्रसाद देवकोटा. काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

**सङ्क्षिप्त शब्द सूची**

अ.- अरबी, अनु.- अनुकरणात्मक, अव्य.- अव्यय, उ.- उरावँ, क्रि.- क्रिया, क्रिवि.- क्रिया विशेषण, ग्रि.- ग्रिसेली, ना.- नाम, प्रा.- प्राकृत, फा.- फारसी, वि.- विशेषण र सं.- संस्कृत